अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

# संवत् २०८० साल असार ०९ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | अघिल्लो कार्यपालिका बैठकको समीक्षा | यस गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८० साल जेठ ३० गतेको बैठकका निर्णय कार्यान्वयन सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन स्वीकृत गर्ने र निर्णयहरुको पूर्ण कार्यान्वयन भई शत प्रतिशत प्रगती भएको हुँदा निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको । |
| २. | प्रशासन शाखा | यस गाउँपालिकाको मिति २०८०/०३/१० गते बस्ने गाउँ सभा बैठकमा छलफल तथा पारित हुने तपसिलका प्रस्तावहरु गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभा बैठकमा पेश गर्न गाउँपालिका कार्यालय लाई निर्देशन दिने ।<br><br>तपसिलः<br><br>क) आगामी आर्थिक वर्ष २०८०/०८१ को राजस्व र व्ययको अनुमान (बजेट) स्वीकृत ।<br>ख) अपिहिमाल गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सेवा र कार्यको लागि संचित कोषबाट केही रकम विनियोज र खर्च गर्ने सम्बन्धमा व्यवस्था बनेको विधेयक, २०८० ।<br>ग) अपिहिमाल गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक, २०८० ।<br>घ) न्यायिक समितिको वार्षिक प्रतिवेदन स्वीकृत ।<br>ङ) राजस्व परामर्श समितिको प्रतिवेदन स्वीकृत ।<br>च) मध्यमकालिन खर्च संरचना स्वीकृत ।<br>छ) करार सेवाका कर्मचारीहरुको सेवा अवधि थप सम्बन्धी प्रतिवेदन स्वीकृत ।<br>ज) गाउँ कार्यपालिकाका निर्णय अनुमोदन ।<br>झ) वडा विभाजन तथा सीमा हेरफेर सम्बन्धी प्रतिवेदन स्वीकृत ।<br>ञ) गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत । |
| ३. | प्रशासन शाखा | नेपालको संबिधानको धारा २१८, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२), अपिहिमाल गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ दफा ४ ले दिएको अधिकार प्रयोग गरी तर्जुमा गरिएको **"अपिहिमाल गाउँपालिकाको योजना छानबिन सम्बन्धी कार्यविधि, २०८०"** स्वीकृत गरी कार्यान्वयन गर्न गाउँपालिका कार्यालयलाई निर्देशन दिने । |
| ४. | पूर्वाधार विकास / योजना शाखा | यस गाउँपालिकाको वडा नं. ४ मा निर्माणाधिन १० शैया अस्पताल (ठेक्का नं. AHRM / NCB / 08/077-078) को निर्माण कर्ता स्वार / एसोसिएट / रन्जितकार जे.भि, धनगढी कैलालीले |

ईन्द्र बहादुर रावल
अधिकृत

अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | |
|---|---|---|
| | | निर्माण कार्यको समयावधि (म्याद थप) सम्बन्धी परिमार्जित कार्यतालिका सहित निवेदन पेश गरेको हुँदा निज जे.भि. को २०८० पौष मसान्त सम्म म्याद थप गर्ने । |
| ५. | पूर्वाधार विकास / योजना शाखा | यस गाउँपालिकाको सार्वजनिक निर्माणको क्षेत्रमा ईमान्दारीता, जवाफदेहिता कायम गर्न र विद्यमान आयोजना तथा ठेक्काहरु तोकिएको समायावधिमा सम्पन्न भई विविध कारणले भुक्तानी हुन नसकेका तथा अधुरा रहेका आयोजनाहरुको सम्बन्धमा आवश्यक छानबिन गरी देखिएका समस्या समाधान तथा भुक्तानीका लागि योग्य भए नभएको सम्बन्धमा उपयुक्त सुझाव दिने गरी अपिहिमाल गाउँपालिकाको योजना छानबिन सम्बन्धी कार्यविधि, २०८०को दफा ४ अनुसार तपसिल बमोजिम छानबिन समिति गठन गर्ने ।<br><br>तपसिलः<br><br>१. गा.पा.उपाध्यक्ष, श्री देबकी देवी बोहरा - संयोजक<br>२. कार्यपालिका सदस्य, श्री राईमती ठेकरे - सदस्य<br>३. कार्यपालिका सदस्य, श्री सुर्जना धामी - सदस्य<br>४. गाउँसभा सदस्य, श्री दिलिप सिंह धामी - सदस्य<br>५. गाउँसभा सदस्य, श्री जिवनी ठेकरे - सदस्य<br>६. सम्बन्धित वडा अध्यक्ष - सदस्य<br>७. सम्बन्धित वडा प्राविधिक - सदस्य<br>८. पूर्वाधार विकास शाखा प्रमुख - सदस्य<br>९. योजना अधिकृत, श्री नरहरी सिंह ठेकरे - सदस्य सचिव |
| ६. | स्वास्थ्य | गाउँपालिकामा पेश हुन आएका २ जना दिर्घ रोगी तथा आर्थिक अवस्था कमजोर भएका लाभग्राहीहरुलाई अपिहिमाल गाउँपालिका आर्थिक सहायता कार्यविधि २०७५ अनुसार आपतकालिन आर्थिक सहायता कोष, टेलि हेल्थ कार्यक्रम र दीर्घरोगीहरुलाई औषधी खरिद शीर्षकबाट आर्थिक सहायता उपलब्ध गराउन गाउँपालिकाको कार्यालयलाई निर्देशन र स्वीकृति दिने । |

ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत